धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४९ ◆ २०८३ भदौ १८ बिहीबार ◆ Thursday, September 3, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## एक हजार २०४ शव फेला

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । रसुवास्थित भोटेकोशी बाढीमा परी मृत्यु भएका एक हजार २०४ जनाको शव विभिन्न जिल्लामा फेला परेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार रसुवामा ११५, नुवाकोटमा १५५, धादिङमा ६०, गोरखामा ६९, तनहुँमा ३८, चितवनमा ३४८, नवलपरासी पूर्वमा २१७ र नवलपरासी पश्चिममा २०२ शव फेला परेको छ । फेला परेकामध्ये ९५ शव सनाखत भई परिवारजनले बुझेका छन् । यही भदौ १० गते रसुवाको भोटेकोशीमा गएको बाढीका कारण चार हजार २१६ जना भने सम्पर्कविहीन भएको प्राधिकरणले जनाएको छ । बाढीमा परी ३०१ जना घाइते भएका छन् । हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको प्राधिकरणले जनाएको छ । बाढी प्रभावित क्षेत्रमा २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ । बाढीका कारण घरबारविहीन भएका तीन हजार ४५३ नागरिक नुवाकोट, धादिङ, रसुवा र काठमाडौंका 'होल्डिङ सेन्टर'मा रहेको प्राधिकरणले जनाएको छ ।

## उद्धार कोषमा एक करोड सहयोग

काठमाडौं । रसुवाको भोटेकोशीमा यही भदौ १० गते गएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि विद्युत् नियमन आयोगले रु एक करोड सहयोग गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोगस्वरूप सो रकमको चेक हस्तान्तरण गरिएको आयोगले जनाएको छ । आयोगद्वारा बुधबार जारी विज्ञप्तिमा उक्त रकम कोषमार्फत सञ्चालित उद्धार, राहत, पुनःस्थापना तथा प्रभावित नागरिकको सहयोग सम्बन्धी कार्यक्रममा उपयोग हुने विश्वास लिइएको छ । विपद्को अवस्थामा प्रभावित क्षेत्रमा विद्युत् सेवाको सुरक्षा, निरन्तरता तथा यथाशीघ्र पुनःस्थापनाका लागि सम्बन्धित विद्युत् उत्पादन, प्रसारण तथा वितरण संस्थासँग आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्न आयोग प्रतिबद्ध रहेको बताइएको छ । भोटेकोशीमा उत्पन्न विपद्ले विद्युत् क्षेत्रको नियमनमा प्राकृतिक प्रकोपलाई कुनै एक आयोजना वा अनुमतिपत्रप्राप्त संस्थासम्म सीमित काबु बाहिरको परिस्थितिको विषयका रूपमा हेर्ने परम्परागत दृष्टिकोण पर्याप्त नरहेको तथ्य आयोगले प्रस्ट्याएको छ ।

## ललितपुरमा ऐतिहासिक नृसिंह जात्रा

ललितपुर । ललितपुरका मल्ल राजा सिद्धिनरसिंह मल्लको पालादेखि सञ्चालन हुँदै आएको ऐतिहासिक नृसिंह जात्रा सम्पन्न भएको छ । हरेक वर्ष भाद्र कृष्ण पञ्चमीका दिन पाटनमा सञ्चालन हुने नृसिंह जात्रा यस वर्ष मङ्गलबार सम्पन्न भएको हो । कुनै पनि दैवी प्रकोप नहोस् तथा विश्वमा शान्ति कायम रहोस् भन्ने कामनासहित यो जात्रा मनाउने गरिन्छ ।

ललितपुरका छ कुलका राजोपाध्याय समुदायले उमेरको वरिष्ठताका आधारमा पालैपालो जात्राको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी लिएर सञ्चालन गर्ने परम्परा रहिआएको छ । यस वर्ष अग्निशाला वःलिम्हका भूपति राजानन्द राजोपाध्यायको परिवारले जात्रा सञ्चालन गरेको हो ।

भगवान् विष्णुले नृसिंह अवतार धारण गरी दानव हिरण्य कशिपुको वध गरेको पौराणिक घटनाको स्मरणमा यो जात्रा सञ्चालन गरिन्छ । बाजागाजा तथा भजन टोलीसहित नृसिंहको स्वरूपलाई ललितपुरको प्राचीन नगर परिक्रमा गराइन्छ । नृसिंहतर्फ फर्केर हातमा धूप लिएर प्रणाम गर्दै भक्त प्रह्लादले जस्तै उल्टो पाइला चाल्दै नगर परिक्रमा गर्ने विशेष परम्परा यस जात्रामा रहेको छ ।

नृसिंहको दायाँ-बायाँ लक्ष्मी र सरस्वतीलाई राख्ने चलन छ भने जात्रामा छ जोडी कन्याको समेत सहभागिता रहने गर्दछ । पालो परेको परिवारका पुरोहित, ज्वाइँ वा भाञ्जामध्ये एक जना नृसिंहको स्वरूप धारण गरी ललितपुरको प्राचीन नगरीको सायाः अर्थात् सापारु मार्गमा नगर परिक्रमा गर्ने परम्परा रहेको छ ।

नृसिंह जात्राका क्रममा बाजागाजा र प्रत्यक्ष भजनसहित नृसिंह देवगणको टोलीले पाटनका गाबहाल, पिम्बहाल, बङ्गलामुखी, कोबहाल, मङ्गलबजार, सुन्धारा, इकुबहाल, महाबौद्ध, टङ्गल, तिच्छु गल्ली, हौगल, इखालखु, पूर्णचण्डी लगायत विभिन्न स्थानको परिक्रमा गर्ने गर्दछ । जात्राको क्रममा विभिन्न स्थानमा नृसिंहलगायत देवताहरूको विसर्जन गरी पूजापाठ गर्ने चलनसमेत रहेको छ ।

## बाढीपहिरो प्रभावितको पुनःस्थापना र जीविकोपार्जनमा ध्यान दिनुपर्छ : ओली

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले विपद्पछिको व्यवस्थापनमा भौतिक संरचनाको पुनर्निर्माणसँगै प्रभावितहरूको जीविकोपार्जन र दीर्घकालीन पुनःस्थापनामा मुख्य ध्यान दिनुपर्ने बताउनुभएको छ ।

बुधबार धादिङको गल्छीस्थित बाढीपहिरो प्रभावित क्षेत्रको स्थलगत अवलोकनका क्रममा उहाँले सो कुरा बताउनुभएको हो । विपद्मा भएको जनधनको भयानक क्षतिप्रति दुःख व्यक्त गर्दै उहाँले भौतिक संरचना फेरि निर्माण गर्न सकिने भए पनि मानवीय क्षति असाधारण र अपूरणीय रहेको बताउनुभयो । "तत्कालका लागि प्रभावित हरूलाई बस्ने, खाने र स्वास्थ्य उपचारको प्रबन्ध मिलाउनु अत्यन्तै जरुरी छ, "अध्यक्ष ओलीले भन्नुभयो, "उद्धार र राहतको कामपछि पुनर्निर्माण मात्र गरेर हुँदैन । मान्छेलाई पहिल्यै कै ठाउँमा, आम्दानी हुने र काम गर्ने ठाउँमा कसरी पुऱ्याउने र उनीहरूको जीविका सहज कसरी बनाउने भन्ने कुरा चुनौतीपूर्ण र महत्वपूर्ण छ ।"

उहाँले विपद्पछिको व्यवस्थापन र पुनःस्थापनाका लागि तीनै तहका सरकारले मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो । सरकारले यस सन्दर्भमा प्रभावकारी योजना बनाउनुपर्ने भन्दै उहाँले आफ्नो पार्टीले पनि सरकारलाई आवश्यक सुझाव दिइरहेको स्पष्ट पार्नुभयो ।

विपद्को घडीमा विभिन्न सङ्घसंस्था र स्वयंसेवकहरूले पुऱ्याएको सहयोग तथा उद्धार कार्यको उहाँले उच्च प्रशंसा गर्नुभयो ।



विपद् व्यवस्थापन एकछिनको देखावटी विषय नभएको स्पष्ट पार्दै अध्यक्ष ओलीले भन्नुभयो, "यो काम एकछिन आएर देखिने, देखाउने र यसो सेल्फी खिचेर जाने विषय होइन, प्रभावितलाई कसरी फेरि सामान्य अवस्थामा फर्काउन सकिन्छ भन्ने मुख्य कुरा हो ।"

समस्याको वास्तविक अवस्था बुझेर पुनःस्थापनाका काम अघि बढाउन आफूहरूले स्थलगत अध्ययन गरिरहेको जानकारी दिँदै उहाँले पुनःस्थापनाको काममा सरकारसँगै आफ्नो पार्टी र स्वयंसेवकहरू पनि सक्रियताका साथ लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बाढी तथा पहिरोको जोखिम अझै टरिनसकेको र भविष्यमा थप ठूलो बाढीको सम्भावना कायमै रहन सक्ने भएकोले उच्च सतर्कता अपनाउन उहाँले सबैमा आग्रह गर्नुभयो ।

## बाढी प्रभावित नेपाल टेलिकमको सेवा पुनःसञ्चालनमा

काठमाडौं । नेपाल टेलिकमले बाढी प्रभावित जिल्लामा मोबाइल बिटिएस साइट सञ्चालन गरी प्रभावित सबै स्थानमा पूर्ण रूपमा नेटवर्क पहुँच कायम गरेको छ ।

यही गत भदौ १० गते आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत जिल्लामा नेपाल टेलिकमका टावरबाट प्रदान गरिएको मोबाइल तथा इन्टरनेट सेवा अवरुद्ध भएको थियो । नेपाल टेलिकमका प्राविधिकहरू निरन्तर रूपमा बाढी प्रभावित क्षेत्र तथा विपद् प्रतिकार्य कक्षमार्फत सेवा पुनःसञ्चालन कार्यमा खटिएपश्चात् साइटहरू पुनःसञ्चालनमा आएको प्रवक्ता डा कमल लामिछानेले जानकारी दिनुभयो । सो कार्यका लागि बाढीले सडक तथा विद्युत् अवरुद्ध भएका स्थानमा सुरक्षा निकायको समन्वयमा हेलिकप्टर मार्फत प्राविधकसहित सामान, उपकरण, जेनेरेटर तथा इन्धन ढुवानी गराइ सेवा पुनःसञ्चालन गरिएको थियो । यही भदौ १७ गते नेपाल-चीन सिमाना नजिक रहेको कम्पनीको रसुवा बोर्डर मोबाइल साइट सञ्चालनमा आएसँगै बाढी प्रभावित क्षेत्रमा सञ्चालित राहत र उद्धार कार्य सञ्चालन भएका सबै स्थानमा सञ्चार सेवाको पहुँच पुगेको थियो । बाढीका कारण नेपाल टेलिकमका रसुवा, नुवाकोट र धादिङ जिल्लाका १२० साइटमार्फत सञ्चालित सेवामध्ये ८३ साइट मार्फत सञ्चालित सेवा अवरुद्ध भएका थिए भने तीन वटा साइटहरू टिमुरे, चिलिमे खोला र त्रिशूली ३'बी' साइट पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए । नेपाल टेलिकमले यही भदौ १६ मा बाढीबाट प्रभावित धादिङको कल्लेरी र नुवाकोटको भद्रटार थाप्रेक, पुसनटार, तारुका, किस्पाङ (भाल्चे) र बुधसिंह साइट सञ्चालन गरेसँगै नेपाल टेलिकमका सबै साइटहरू सञ्चालन भएका छन् तथा पूर्ण रूपमा क्षतिग्रस्त भएका साइटबाट उपलब्ध सेवा हाल अन्य साइटबाट उपलब्ध गराइएका छन् । मोबाइल सेवाको थप प्रभाव-कारिता का लागि उक्त क्षतिग्रस्त साइटलाई प्राथमिकतामा राखी पुनःनिर्माण गरी सञ्चालनमा ल्याइनेछ । भदौ १० गते बाढी आएको जानकारी प्राप्त भएलगत्तै नेपाल टेलिकमका प्राविधिक साइट सञ्चालनका लागि निरन्तर रूपमा खटिएका छन् । भदौ ११ गते रसुवा जिल्लाका न्यौपानेचौर तथा राम्चे रिपिटर साइटमा हेलिकप्टरबाट जेनेरेटर, इन्धन तथा ब्याट्रीलगायत उपकरण पठाइ सेवा सञ्चालन गरिएको थियो । रसुवा जिल्ला सदरमुकाम धुन्चेमा सेवा सञ्चालन का लागि जेनेरेटर, इन्धन तथा कर्मचारी परिचालन गरिएको थियो । यसैगरी, भदौ १२ गते रसुवाको गोलजुङ टावर (बाहुनडाँडा), नुवाकोटको गेर्खु, तुप्चे तथा टिमुरे माथिको डाँडामा अवस्थित टावरमा हेलिकप्टरबाट जेनेरेटर, पेट्रोल तथा प्राविधिक खटाई सेवा सञ्चालन गरिएको थियो । नुवाकोट जिल्लाअन्तर्गतको मदनपुर, बट्टार, विदुर बसपार्क तथा धादिङ जिल्लाअन्तर्गत बैरेनी ठमेल डाँडामा जेनेरेटर, इन्धनसहित कर्मचारी परिचालन गरी सेवा सञ्चालन गरिएको थियो । भदौ १३ गते रसुवाको त्रिशूली ३'ए' सँगै रहेको टावर, रसुवाकै उत्तरगया गाउँ पालिकाको कालिका स्थानमा रहेको टावर तथा नुवाकोट जिल्लाको बुङ्ताङमा रहेको टावरसमेत सञ्चालनमा ल्याइएको थियो । यीबाहेक कटुन्जे, सामरी भञ्ज्याङ र बेतिनीका टावरसमेत सञ्चालन भएका थिए । यससँगै प्रभावित १२० साइटमध्ये ९३ साइट सञ्चालनमा आएका थिए ।

रसुवा जिल्लाअन्तर्गत नेपाल-चीन सिमानामा रहेको रसुवा बोर्डर साइटलगायत अपर सेन्जेन, छापथोके, जिबजिबे माइक्रो र गत्लाङ साइटहरू रहेका थिए । त्यसैगरी, नुवाकोटको चारघरे तथा चारघरे मूलाबारी साइट रहेका थिए । रसुवा बोर्डर बिटिएस साइटमार्फत नेपाल-चीन नाका, टिमुरे, रसुवा बोर्डर करिडोर र स्याफ्रुबेंसीदेखि भोटेकोशी करिडोरसम्म सेवा पुनःसञ्चालनमा आएका थिए । यससँगै बाढी प्रभावित क्षेत्रका अधिकांश मोबाइल बिटिएस साइटहरू सञ्चालनमा ल्याइएका थिए ।

## भोटेकोशी बाढीका घाइतेलाई मध्यनजर गर्दै १११ पिन्ट रगत संकलन

❑ *प्रत्यूष समाचारदाता*

वालिङ । भोटेकोशी बाढीमा परी घाइते भएकाहरुका लागि स्याङ्जा जिल्लामा रगत सङ्कलन गरिएको छ ।

जिल्ला रेडक्रस सोसाइटी स्याङ्जाको प्राविधिक सहयोगमा बुधबार भीरकोट बयरघारीमा रक्तदान शिविर सञ्चालन गरी १११ पिन्ट रगत सङ्कलन गरिएको हो ।

घाइतेको सङ्ख्या धेरै भएकाले रगतको अभाव हुनसक्ने भएकाले रगत अभाव हुन नदिन रक्तदान शिविरमार्फत स्वतःफूर्त रुपमा रगत सङ्कलन गरिएको नेपाल तरुण दल स्याङ्जाका अध्यक्ष भागवत प्रकाश मल्लले बताउनुभयो । देशमा सङ्कट आएका बेला मानवीय सहयोगमा जुट्नुपर्छ भन्ने भावना बाट अभिप्रेरित भई रक्तदान शिविरको आयोजना गरिएको उहाँले बताउनुभयो । शिविरमा रक्तदाताहरु स्वतःफूर्त रुपमा सहभागी हुनुभएको थियो संकलन भएको रगत नेपाल रेडक्रस सोसाइटीको स्याङ्जास्थित 'ब्लड बैंक' मा राखिने र आवश्यकताका आधारमा पठाउने व्यवस्था मिलाइने नेपाल रेडक्रस सोसाइटी स्याङ्जाका अध्यक्ष दिनेश अर्यालले जानकारी दिनुभयो ।

## सम्पादकीय ....

### उच्च रक्तचापबारे बुझ्नुपर्ने

भोटेकोशीको बाढीले सारा नेपालीको मानसपटल हल्लाइदिएको छ । त्यसो त यसअघि पनि बाढीपहिरोको घटना देशका विभिन्न भागमा भएका थिए तर यस पटकको अप्रत्याशित हिमपहिरोपछिको बाढीका कारण विशेषतः रसुवा, नुवाकोट अनि गोरखाका जनता अति नै प्रभावित भए । उद्धार कार्य, व्यवस्थापन एवं पुनर्स्थापनाको कार्य जारी नै छ तर यस घटनाले प्रभावित वयस्क एवं बालबालिकामा गम्भीर मानसिक आघात पनि पुगेको हुन्छ । विगतमा महाभूकम्प २०७२ एवं कोभिड महामारीका कारण नेपालीले यस्तै गम्भीर मानसिक आघात बेहोरेका थिए ।

मनोचिकित्सा क्षेत्रमा यस्तो खाले प्राकृतिक विपत्ति एवं गम्भीर खालको घटना पछि पर्ने मानसिक प्रभावलाई पोस्ट ट्रमाटिक स्ट्रेस डिसअर्डर (छोटकरीमा पिटिएसडी) भन्ने गरिन्छ । यस्तो घटना भएको केही समय डर, तनाव, दुःख, निद्रा नलाग्ने वा घटना सम्झिरहने प्रवृत्ति भई राख्न सक्छ तर यी लक्षण लामो समयसम्म रहिरहँदा र यसले दैनिक जीवनमा उल्लेखनीय असर पार्न थालेमा त्यसलाई पिटिएसडी भनिन्छ ।

कुनै पनि भयावह घटना हुँदा शरीरमा तनावसँग सम्बन्धित हर्मोन र न्युरो ट्रान्समिटर सक्रिय हुन्छन्, जसले गर्दा मुटुको धड्कन बढ्छ, मांसपेशी तनावग्रस्त हुन्छन् र मानिस लड्ने वा भाग्ने अवस्थामा पुग्छ । साधारण अवस्थामा क्षणिक खतरा समाप्त भएपछि शरीर र मस्तिष्क क्रमशः सामान्य अवस्थामा फर्किन्छन् तर पिटिएसडीमा आघातसँग सम्बन्धित नमिठो सम्झना, भावना र शारीरिक प्रतिक्रिया लामो समयसम्म अत्यधिक सक्रिय रहन सक्छन् । परिणामस्वरूप वास्तविक खतरा टरिसकेको भए पनि प्रभावित व्यक्तिले आफू अझै त्यही घटनाको जोखिममा रहेको जस्तो अनुभव गर्न सक्छ ।

गम्भीर सडक वा औद्योगिक दुर्घटना, भूकम्प, बाढीपहिरो तथा अन्य प्राकृतिक विपत्ति, युद्ध, द्वन्द्व वा आतङ्कजन्य घटना, बलजफ्तीपूर्ण शारीरिक वा यौनहिंसा, बलात्कार तथा यौन दुर्व्यवहार, बाल्यकालीन शारीरिक वा भावनात्मक दुर्व्यवहार, नजिकको आफन्तको हिंसात्मक वा अचानक मृत्यु, अपहरण वा यातना, गम्भीर चिकित्सा अवस्था वा जीवन जोखिममा परेको अनुभव आदि । एकैखाले घटना (जस्तै- भोटकोशी बाढीको कहर) अनुभव गरेका सबै मानिसमा पिटिएसडी विकसित हुनै पर्छ भन्ने हुँदैन । प्रभावित व्यक्तिको पूर्वमानसिक अवस्था, बाल्यकालीन अनुभव, सामाजिक सहयोग, आघातको गम्भीरता, घटनाको पुनरावृत्ति तथा अन्य व्यक्तिगत र वातावरणीय कारणले पिटिएसडीको जोखिम फरक पार्न सक्छ ।

प्रभावित व्यक्तिले आफू, अरू मानिस र सारा संसारप्रतिको फरक धारणा बनाउन सक्छ । जस्तै- घटनाका लागि आफैँलाई दोष दिने, आफू सुरक्षित छैन भन्ने भावना विकसित गर्ने, अरूमाथि विश्वास गर्न कठिन मान्ने, आफ्नो भविष्यप्रति निराश हुने, निरन्तर डर, अपराधबोध वा लज्जा महसुस गर्ने, आफ्ना रुचिपूर्ण गतिविधि तथा आफन्तजनबाट टाढा बस्ने, सकारात्मक सोच बनाउन कठिन मान्ने आदि । यस्ता परिवर्तनले परिवार, साथीभाइ र सामाजिक सम्बन्धमा समेत असर पार्न सक्छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# विपत्तिपछि पुनरुत्थानः समृद्ध पर्यटन र सुदृढ भविष्य



खुम सुवेदी

प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन । प्रकृतिको अनुपम वरदान, हिम शृङ्खलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एकपटक प्रकृतिको कठोर परीक्षाबाट गुजरिरहेको छ। अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन-काठमाडौं जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन् ।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पुऱ्याएको छ । रसुवागढी, लाङटाङ, गोसाइँकुण्ड जस्ता पवित्र धार्मिक एवं साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन् तर इतिहास साक्षी छ– मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन ।

खोजी तथा उद्धारका कार्यहरू तीव्र रूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्यलाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ । निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ । पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो ।

**हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना**

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्य मात्र थिएन; यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरको साक्षात पाठशाला थियो । हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः' को संस्कारले विश्वलाई मोहित बनाएको थियो ।

आज अविरल वर्षा र पहिरोले हाम्रा पैदलमार्गहरू क्षति पुऱ्याएका छन् । सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ । यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चियापसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पुऱ्याएको छ । विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ । आधुनिक, जलवायु-अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तरराष्ट्रिय जगत्मा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो ।

**पर्यटन नै नेपालको मुख्य आर्थिक आधार**

वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी) को मुख्य स्रोतः नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन्; हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन् । देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो ।

समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकासः सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म–पर्यटनले बिना भेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पुऱ्याउँछ । सभ्यता, संस्कृतिर मौलिकताको प्रवर्द्धनः पर्यटन केवल व्यापार मात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पुऱ्याउने सबैभन्दा सशक्त माध्यम हो ।

**सङ्कट समाधानका ठोस र व्यावहारिक कदमहरू**

ङ्ड दूत खोजी, उद्धार र मानवीय प्राथमिकताः यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयवासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ ।

सडक मर्मत र वैकल्पिक पहुँचको सुनिश्चितताः नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तरराष्ट्रिय जगत्मा पुऱ्याउनुपर्ने हुन्छ । मुग्लिन-काठमाडौं (कृष्णभीर) र रसुवागढी-नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा सञ्चालन योग्य बनाउनुपर्छ ।

मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमन लाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ । सत्यतथ्य सूचना सम्प्रेषणः विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्व निकै रहन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ । नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू पूर्ण रूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पुऱ्याउनु पर्ने हुन्छ ।

प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढङ्गबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ ।

ङ्ड पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनः पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायु-अनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ । प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेजः विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथ प्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ ।

**अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरू समक्ष आह्वान**

नेपालको पर्यटन पूर्ण रूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तरराष्ट्रिय मञ्चमा पुऱ्याउन सरकारको तर्फबाट छिटै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ । त्यस कार्यक्रम मार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तरराष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टानलगायतका अग्रणी पर्यटन व्यवसायी सङ्घ-संस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालको छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ ।

यसबाट हालैको अविरल वर्षा र बाढी-पहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरे तापनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्ण रूपमा सुरक्षित, जीवन्त र सुचारु रहेका छन् भन्ने सन्देश जानेछ । बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ । पर्यटन नै नेपालको जीडीपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुर्ननिर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ । यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्वपूर्ण अवसर पनि हुनेछ ।

**पुनरुत्थानको साझा सङ्कल्प**

रात जतिसुकै कालो र लामो भए पनि बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन । नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनःरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन् ।

पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ ।

वर्तमान प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन । यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ । अहिले सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ-संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तरराष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो ।

एकीकृत उद्धार, द्रूत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिनेछ । (लेखक पर्यटन व्यवसायी हुनुहुन्छ)

## नीलकण्ठ नगरपालिकामा आज शोक बिदा

धादिङबेशी । नीलकण्ठ नगरपालिकाले हालैको बाढीपहिरोमा परी नगरपालिकाका २९ जनाको मृत्यु पुष्टि भएपछि आज नगरपालिका र मातहतका सम्पूर्ण कार्यालय तथा विद्यालयमा सार्वजनिक शोक बिदा दिने निर्णय गरेको छ। अत्यावश्यक सेवा भने सञ्चालनमा रहने नगरपालिकाले जनाएको छ।

नगर प्रमुख भीमप्रसाद ढुङ्गानाले बुधबार जारी गर्नुभएको शोक विज्ञप्तिअनुसार चीन-नेपाल सीमा क्षेत्रबाट रसुवा हुँदै आएको बाढीपहिरोका क्रममा तीर्थयात्रा, जागिर, व्यवसाय तथा ट्रेकिङलगायत प्रयोजनमा त्यस क्षेत्रमा पुगेका नीलकण्ठ नगरपालिकाका ३८ जना सम्पर्कविहीन भएकामा हालसम्म २९ जनाको मृत्यु पुष्टि भएको छ । नगरपालिकाले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ । घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै बेपत्ताको खोजी तथा उद्धारलाई प्रभावकारी बनाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको जनाएको छ । विपद्‌बाट प्रभावित परिवारलाई राहत र सहजीकरण गर्न बेपत्ताको खोज तथा उद्धार र मृतकको अन्तिम संस्कारमा लाग्ने खर्चसमेत नगरपालिकाले व्यहोर्ने निर्णय गरेको छ।

मृतकको १३औँ दिनको पुण्यतिथिका अवसरमा भदौ २२ गते दिउँसो २ बजे नगरपालिकाको सिटीहलमा श्रद्धाञ्जलीसभा र सोही दिन साँझ ६ बजे नीलकण्ठ नगरपालिका-३ पुछारबजारमा दीप प्रज्वलन कार्यक्रम आयोजना गरिने नगरपालिकाले जनाएको छ।

नगरपालिकाले विपद्‌को जोखिम कायमै रहेकाले नगरवासीलाई उच्च सतर्कता अपनाउन र सुरक्षित रहन आग्रह गरेको छ।

## काठमाडौँ-हेटौँडा जोड्ने वैकल्पिक मार्ग र नयाँ कार्यतालिका सार्वजनिक

काठमाडौँ। त्रिशूली नदीको कटानका कारण पृथ्वी राजमार्गमा सवारी आवागमन प्रभावित भएपछि काठमाडौँ-हेटौँडा जोड्ने वैकल्पिक मार्गको नयाँ रुट तथा कार्यतालिका सार्वजनिक गरिएको छ।

वर्षाद्‌को समय र सडकको अवस्थालाई ध्यानमा राख्दै काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय मकवानपुर को समन्वयमा वैकल्पिक रुट निर्धारण गरिएको हो। उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार काठमाडौँबाट हेटौँडाका लागि छुट्ने साना सवारीका लागि फर्पिङ-फाखेल-कुलेखानी-भीमफेदी को रुट कायम गरिएको छ। त्यस्तै, हेटौँडाबाट काठमाडौँ छुट्ने साना सवारी भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली हुँदै काठमाडौँ प्रवेश गर्नेछन् । यसैगरी, ठूला तथा मालवाहक सवारी काठमाडौँबाट चापागाउँ-भट्टेडाँडा-ठिङ्गन हुँदै हेटौँडा पुग्नेछन् । उक्त रुट प्रयोग गर्ने सवारीले साँझ ६:०० बजेभित्र ठिङ्गन चेकपोस्ट पार गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

हेटौँडाबाट छुट्ने ठूला तथा मालवाहक सवारीका लागि भैँसे-पालुङ-टिस्टुङ-नौबिसे हुँदै काठमाडौँ आउने व्यवस्था मिलाइएको ट्राफिक प्रहरीले जनाएको छ।

मकवानपुरको त्रिखण्डी नजिकको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेकाले इन्धन बोकेका ट्याङ्कर तथा भारी मालवाहक सवारीलाई उक्त पुल प्रयोग नगर्न ट्राफिक प्रहरीले आग्रह गरेको छ। हाल भारी मालवाहक सवारीका लागि बेलिब्रिजको छेउमै रहेको डाइभर्सन प्रयोग गर्न निर्देशन दिइएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो।

## विपद्‌पीडित ग्राहकका लागि बैंकिङ सेवा थप सहज बनाउन राष्ट्र बैंकको निर्देशन

काठमाडौँ । नेपाल राष्ट्र बैंकले हालै भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित भई बैंकिङ कारोबारका लागि आवश्यक चेक, कार्ड, मोबाइल तथा अन्य कागजात गुमाएका ग्राहकलाई सहज रूपमा वित्तीय सेवा उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिएको छ।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले मङ्गलबार सूचना जारी गर्दै बैंक तथा वित्तीय संस्थालाई विपद्‌पीडित ग्राहकको पहिचान यकीन गरी आवश्यक सहयोग र सहजीकरण गर्न भनेको हो।

प्राकृतिक विपद्‌का कारण बैंकिङ कारोबारका लागि आवश्यक कागजात तथा सामग्री गुमाएका ग्राहकले सेवा प्राप्त गर्न कठिनाइ भोग्नु नपरोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको राष्ट्र बैंकले जनाएको छ।

सूचनाअनुसार बैंक तथा वित्तीय संस्थाले आफ्ना अभिलेखमा रहेको ग्राहकको हस्ताक्षर नमुना, फोटो तथा अन्य विवरणका आधारमा ग्राहकको पहिचान यकीन गर्न सक्नेछन् । त्यसका आधारमा विषम परिस्थितिमा ग्राहकलाई आवश्यक बैंकिङ तथा वित्तीय सेवा उपलब्ध गराउन सहजीकरण गर्न राष्ट्र बैंकले निर्देशन दिएको छ।

बाढी तथा अन्य प्राकृतिक विपद्‌का कारण प्रभावित क्षेत्रमा धेरै नागरिकले व्यक्तिगत कागजात, बैंकिङ सामग्री तथा मोबाइल उपकरण गुमाएको अवस्थामा राष्ट्र बैंकको यो निर्देशनले प्रभावित ग्राहकको वित्तीय सेवामा पहुँच सहज हुने अपेक्षा गरिएको छ।

## अदालतलाई सूचना प्रविधि र जनमैत्री बनाउँदै लगेको भनाई

सुदूरपश्चिम । कैलाली जिल्ला अदालतले न्याय सम्पादनलाई सहज, सरल र नागरिकमैत्री बनाउन सेवा प्रणालीलाई प्रविधिमैत्री र जनकेन्द्रित बनाउँदै लगेको जनाइएको छ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा सेवाग्राहीको भावना अनुसार न्याय सम्पादनलाई सहज बनाउँदै लगिएको र चालु आर्थिक वर्ष २०८३/८४ मा 'जनमैत्री अदालत'लाई प्राथमिकतामा राखेर काम गर्ने कार्ययोजना बनाइएको जानकारी दिइएको हो।

अदालतका स्रेस्तेदार चेतराज पन्तले सेवाग्राहीलाई सरल र सहज सूचना उपलब्ध गराउने, सहायता कक्षलाई प्रभावकारी बनाउने तथा ज्येष्ठ नागरिक, महिला, बालबालिका र असहाय सेवाग्राहीलाई प्राथमिकता दिने योजना बनाइएको जानकारी बताउनुभयो।

सेवाग्राहीले मुद्दाको अवस्था बारे सहज रूपमा जानकारी पाउनसक्ने व्यवस्था मिलाउनुका साथै अदालतका प्रक्रियाबारे जनचेतना अभिवृद्धि गरिने योजना रहेको पन्तले बताउनुभयो। त्यसका लागि डिजिटल अभिलेख व्यवस्थापन, अनलाइन सूचना प्रणाली र मुद्दाको अवस्थाबारे सेवाग्राहीलाई सहज जानकारी दिने प्रणालीलाई थप प्रभावकारी बनाइने जनाइएको छ। अदालतले विवाद समाधानमा मेलमिलाप नीतिलाई प्राथमिकतामा राखी सानातिना तथा मेलमिलाप बाट समाधान हुनसक्ने विवादलाई प्रभावकारी रूपमा मेलमिलापमा लैजाने र सफल मेलमिलापलाई कार्यान्वयन मा जोड दिने कार्य योजनामा उल्लेख छ । यसैगरी, न्यायिक कामकारबाही मा पारदर्शिता र जवाफदेहितालाई प्राथमिकता दिँदै सञ्चारमाध्यम मार्फत अदालतका कामकारबाही, उपलब्धि, समस्या तथा आगामी प्राथमिकता बारे नागरिकलाई जानकारी गराउने नीति लिइएको छ।

आगलागीका बाबजुद न्यायसेवा निरन्तर

आर्थिक वर्ष २०८२/८३ चुनौतीपूर्ण वर्षका रूपमा रहे पनि अदालतले न्यायिक सेवा प्रवाहलाई निरन्तरता दिएको जनाएको छ। गत भदौ २३-२४ मा भएको आगलागीका कारण भौतिक संरचना, अभिलेख, कार्यालय सञ्चालन र सेवाग्राहीले नियमित सेवा पाउने अवस्थासमेत प्रभावित भएको थियो। आगलागीका कारण करिब तीन महिनासम्म नियमित सेवा प्रभावित हुँदा मुद्दाको सुनुवाइ तथा फछ्र्योटमा प्रत्यक्ष असर परेको अदालतको प्रतिवेदनमा उल्लेख छ। कठिन परिस्थितिकाबीच पनि अदालतले मुद्दा व्यवस्थापन, फछ्र्योट, पुराना मुद्दालाई प्राथमिकता, सेवाग्राहीलाई सूचना तथा सहायता उपलब्ध गराउने लगायत कामलाई निरन्तरता दिएको स्रेस्तेदार पन्तले जानकारी दिनुभयो। अदालतमा २०८२/८३ मा अघिल्लो आवदेखि जिम्मेवारी सरेका एक हजार ३०५ र नयाँ दर्ता भएका तीन हजार ३३४ गरी चार हजार ६३९ मुद्दा रहेका थिए । तीमध्ये तीन हजार १०५ मुद्दा फछ्र्योट भएका छन् । अदालतको मुद्दा फछ्र्योट दर ६६.९३ प्रतिशत रहेको छ।

पछिल्ला तीन आवको तथ्याङ्को तुलनात्मक अध्ययन गर्दा मुद्दा फछ्र्योटमा निरन्तर सुधार भइरहेको देखिएको छ।

आव २०८०/८१ मा चार हजार १९४ मुद्दामध्ये दुई हजार ९११ अर्थात् ६९.४३ प्रतिशत र २०८१/८२ मा चार हजार ४५१ मध्ये तीन हजार १४६ अर्थात् ७०.६८ प्रतिशत मुद्दा फछ्र्योट भएका थिए।

गत आवमा देशभरि बढी मुद्दा हेर्नेमा यस अदालतका मुख्य न्यायाधीश भुवनसिंह थापा १०औँ नम्बरमा पर्नुभएको थियो। स्रेस्तेदार पन्तका अनुसार न्यायाधीश थापाले भदौ १८ देखि कार्यारम्भ गरेकामा वर्षभरि ८१० मुद्दा फछ्र्योट गर्नुभएको थियो । उहाँलाई ७९७ मुद्दा फछ्र्योट गर्नुपर्ने लक्ष्य तोकिएको थियो।

पुराना मुद्दालाई प्राथमिकता आगामी आवमा अदालतले पुराना मुद्दाको फछ्र्योटलाई पहिलो प्राथमिकतामा राखेको अदालतका मुख्य न्यायाधीश भुवनसिंह थापाले बताउनुभयो । पाँच वर्ष नाघेका मुद्दाको विशेष अनुगमन, मुद्दाको प्रकृतिअनुसार समयबद्ध व्यवस्थापन तथा मासिक रूपमा मुद्दा फछ्र्योट को समीक्षा गरी कार्यान्वयनमा प्राथमिकता दिइने उहाँको भनाइ थियो। आर्थिक वर्ष २०८३/८४ मा अनुमानित नयाँ दर्ता हुने मुद्दाको सङ्ख्या पाँच हजार १६ रहेको छ भने वार्षिक फछ्र्योटको लक्ष्य तीन हजार ३०५ तोकिएको छ। अघिल्लो वर्षबाट जिम्मेवारी सरेका एक हजार ५३४ मुद्दासहित आजसम्म अदालत मा ५०७ नयाँ मुद्दा दर्ता भएका छन्। यस अवधिसम्म जम्मा मुद्दाको सङ्ख्या दुई हजार ४१ पुगेकामा ३४४ मुद्दा फछ्र्योट भइसकेका छन्।

अदालतले आफ्नो आगामी कार्य योजनामा 'सेवाग्राहीमैत्री वातावरण निर्माण'लाई महत्व दिने योजना बनाएको न्यायाधीश इन्द्रबहादुर कठायतले जानकारी दिनुभयो । सेवाग्राहीलाई आवश्यक सूचना र सहायता उपलब्ध गराउने, संवेदनशील अवस्थाका सेवाग्राही प्रति विशेष संवेदनशीलता अपनाउने तथा कानुनी सहायता प्रणालीको उपयोग बढाउने योजना रहेको उहाँले सुनाउनुभयो।

## प्रतिनिधिसभाबाट भोटेकोशी बाढी विपद्‌सम्बन्धी विशेष प्रस्ताव पारित

काठमाडौँ । प्रतिनिधिसभा बैठकले भोटेकोशी बाढी विपद्‌सम्बन्धी विशेष प्रस्ताव पारित गरेको छ। प्रतिनिधिसभाको बुधबारको बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रस्तुत गर्नुभएको उक्त प्रस्ताव बैठकले सर्वसम्मतिले पारित गरेको हो।

बैठकमा प्रस्ताव राख्दै उहाँले विपद्‌बाट ज्यान गुमाउने स्वदेशी तथा विदेशी नागरिकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक शन्तप्त परिवारजन, आफन्त र सम्बन्धित राष्ट्रप्रति समवेदना व्यक्त गर्नुभयो ।

यसका साथै उहाँले घाइते नागरिकको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो । सभामुख अर्यालले विपद्‌बाट प्रभावित नागरिकको आर्थिक तथा मनो-सामाजिक अवस्थाप्रति संवेदनशिल हुँदै महिला तथा बाल-बालिकाको सुरक्षा, संरक्षण र उनीहरूको आवश्यक सेवामा सहज पहुँच व्यवस्था गर्न सरकार तथा सम्बन्धित निकायको ध्यान आकर्षण गराउनुभयो।

सो क्रममा उहाँले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा तापक्रम वृद्धि भइरहेको उल्लेख गर्दै यसले नेपालका हिमनदी र हिमतालमा परिवर्तन भइरहेको बताउनुभयो । सभामुख अर्यालले जलवायु परिवर्तनबाट सिर्जित राष्ट्रिय सुरक्षा चुनौती सम्बन्धमा अन्तरराष्ट्रियस्तरमा नेपालले आफ्नो मुद्दा स्थापित गराउन आवश्यक रहेकामा जोड दिनुभयो।

जलवायु परिवर्तनबाट सिर्जित क्षति र नोक्सानीको अन्तरराष्ट्रिय बहसमा नेपालले अझ स्पष्ट र बलियो रूपमा उठाउन उहाँले सरकारको ध्यानाकर्षणसमेत गराउनुभयो । "रसुवा विपद्‌ले हामीलाई महत्त्वपूर्ण पाठ सिकाएको छ । विपद्‌पछिको व्यवस्थापनमात्र हैन पूर्वतयारीको संस्कृति निर्माण गर्नुपर्दछ। हिमताल र हिमनदीको नियमित अनुगमन प्राथमिकतामा राख्नुपर्दछ", उहाँले भन्नुभयो । सभामुख अर्यालले तीनै तहका सरकार, सबै राजनीतिक दल, नागरिक समाज, सरकारका सम्पूर्ण संयन्त्र एवं स्रोत परिचालन गरी उद्धारलाई तीव्रता दिन र विस्थापित नागरिकलाई पुनःस्थापना गर्न आग्रह गर्नुभयो।

भोटेकोशी बाढीको विपद्मा परी दिवङ्गत हुनुभएका नागरिकको आत्माको चीर शान्तिको कामना गर्दै बैठकमा एक मिनेट उभिएर मौन धारण गरिएको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही भदौ १८ गते दिउँसो १:०० बजे बस्नेछ।

## बाढी प्रभावित कुन क्षेत्रमा कति रकम निकासा भयो ?

काठमाडौँ । सरकारले रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावित पाँच जिल्लाका १५ स्थानीय तहका लागि रू १३ करोड ५० लाख निकासा गरेको छ । सरकारले दुई चरणमा गरी ती पालिकामा उक्त रकम निकासा गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार भोटेकोशी हुँदै त्रिशूली नदीमा बाढी गएलगत्तै रसुवा र नुवाकोटका लागि रू एक/एक करोड र धादिङका लागि रू ५० लाख दिने निर्णय सरकारले गरेको थियो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत यही भदौ १२ गते रु छ करोड ५० लाख र १६ गते रु छ करोड ५० लाख गरी रु १३ करोड ५० लाख निकासा गरेको हो। प्राधिकरणका अनुसार रसुवाको उत्तरगया गाउँपालिकाका लागि रु एक करोड ५० लाख, गोसाईंकुण्ड गाउँ पालिकाका लागि रु दुई करोड, कालिका गाउँ-पालिकाका लागि रू ६० लाख र आमा छोडिङ्मो गाउँपालिकाका लागि रू ४० लाख निकासा गरिसकेको छ।

त्यसैगरी, नुवाकोटको विदुर नगरपालिकाका लागि रू तीन करोड, बेलकोटगढी नगरपालिकाका लागि रू एक करोड ५० लाख, किस्पाङ गाउँपालिकाका लागि रू ५० लाख र तारकेश्वर गाउँ पालिकाका लागि रू एक करोड निकासा गरिएको छ।

त्यस्तै, धादिङका गल्छी गाउँपालिकाका लागि रू ६० लाख, सिद्धलेक गाउँपालिकाका लागि रू ४० लाख, गजुरी गाउँपालिकाका लागि रू ४० लाख र बेनिघाट रोराङ गाउँपालिकाका लागि रू ४० लाख निकासा गरिएको प्राधिकरणले जनाएको छ।

साथै गोरखाको गण्डकी गाउँपालिकाका लागि रू ४० लाख तथा तनहुँको देवघाट गाउँ पालिकाका लागि रू ४० लाख र आँबुखैरनी गाउँपालिकाका लागि रू ४० लाख निकासा भइसकेको पनि प्राधिकरणले जनाएको छ।

यसैबीच, प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा हालसम्म रू सात अर्ब ८८ लाख ५७ हजार २१७ जम्मा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ।हाल राष्ट्रिय विपद् जोखिम



न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई भदौ १६ गते रू एक करोड निकासा दिएपछि अब सो कोषमा रू छ अर्ब ८८ लाख ५७ हजार २१७ मौज्दात रहेको छ । साथै प्रधानमन्त्री राहत कोषमा थप ६१ लाख ४१ हजार ७०२ अमेरिकी डलर जम्मा भएको छ।

# काठमाडौँ विश्वविद्यालयको रजिस्ट्रारमा विराजसिंह थापा नियुक्त

काठमाडौँ । सरकारले काठमाडौँ विश्वविद्यालयको रजिस्ट्रार पदमा विराजसिंह थापालाई नियुक्त गरेको छ ।

विश्वविद्यालयका उप कुलपतिको सिफारिसका आधारमा प्रधानमन्त्री तथा विश्वविद्यालयका कुलपति वालेन्द्र शाहले थापालाई रजिस्ट्रार नियुक्त गर्नुभएको हो ।

नवनियुक्त रजिस्ट्रार थापाले बुधबार शिक्षा तथा खेलकुद मन्त्रालयमा आयोजित कार्यक्रममा पद तथा गोपनीयताको शपथ लिनुभएको छ । थापा काठमाडौँ विश्वविद्यालयमा विगत २२ वर्षदेखि सहप्राध्यापकका रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँले नर्वेबाट हाइड्रोपावर

शपथ ग्रहण कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय सुधारका लागि टिमवर्क र सक्रियताका साथ काम गर्न नवनियुक्त पदाधिकारीलाई निर्देशन दिनुभयो। उहाँले काठमाडौँ विश्वविद्यालयलाई विशिष्टीकृत ढङ्गको ट्रस्टी मोडलमा स्थापित गर्ने प्रक्रिया अघि बढाउन आवश्यक रहेको बताउनुभयो। मन्त्री पोखरेलले नेपालको उच्च शिक्षा सुधारका लागि सबै विश्वविद्यालयबीच बलियो समन्वय र सहकार्य आवश्यक रहेको उल्लेख गर्नुभयो। उहाँले काठमाडौँ विश्वविद्यालयलाई अन्य विश्व-विद्यालयभन्दा फरक पहिचान सहित अघि बढाउनुपर्ने



बताउँदै कक्षा १२ पछि विदेश जान तयारी गरिरहेका विद्यार्थीलाई नेपालमै गुणस्तरीय शिक्षा उपलब्ध गराउन विश्व-विद्यालयको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

शिक्षा मन्त्रालय का सचिव चूडामणि पौडेलले विश्वविद्यालयको रूपान्तरण भएसँगै कामलाई परिणाममुखी बनाउन नवनियुक्त पदाधिकारीले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।


# श्री शङ्खादेवी माध्यमिक विद्यालय

बेनीघाट रोराङ-९, मझिमटार, धादिङ

**खाद्यान्न आपूर्ति सम्बन्धी दरभाउपत्र आह्वानको सूचना**

पहिलो पटक प्रकाशित मिति : २०८३/०५/१८

बागमती प्रदेश सरकारबाट यस विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न स्विकृति प्राप्त भएकोले हाल १०० जना विद्यार्थी २०८३ असार मसान्तसम्म आवासीय रुपमा राख्ने प्रयोजनका लागि आवश्यक पर्ने खाद्यान्न बागमती प्रदेश सरकारबाट संभौता भए बमोजिम बिहान खाजा, बिहान खाना,दिउँसो खाजा, बेलुकी खाना खुवाउन आवश्यक पर्ने निम्नानुसार खाद्यान्न तथा तरकारीको जिल्ला दररेट नबढ्ने गरी के कति दररेटमा दिन सक्ने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

| सि.न. | बोलपत्रको नाम | धरौटी | बोलपत्र दस्तुर |
|---|---|---|---|
| SDSS/Goods/01/083-084 | खाद्यान्न आपूर्ति | ७६,०००/- | १०००/- |

बोलपत्र सम्बन्धी विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ।

- बोलपत्र फाराम खरिद गर्नुपर्ने अन्तिम मिति र स्थान : २०८३/०५/२५ गते दिनको १२:०० बजे श्री शङ्खादेवी मा.वि. मझिमटार ।
- बोलपत्र फाराम र धरौटीका लागि :

**बैङ्कको नाम :** प्रभु बैङ्क शाखा, बेनिघाट

**खाता नं.:** ०८३०११०१८४६०००११ मा जम्मा गरी भौचर बोलपत्र फाराम साथ पेश गर्ने ।

- दर्ता अन्तिम मिति : २०८३/०५/२५ गते दिनको १:०० बजे ।
- बोलपत्र खोल्ने मिति: २०८३/०५/२५ गते दिनको २:०० बजे ।
- बोलपत्रको अवधि : ठेक्का संभौताको मितिदेखि २०८४ असार मसान्त सम्म ।

| सि.नं | विवरण | किसिम,गुणस्तर | अनुमानित चाहिने परिणाम | एकाइ | दर रेट | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | चामल | जिरा मसिनो ए ग्रेड | ९००० | के.जी. | ८३ | ७४७००० |
| २. | दाल | रातो | ४५० | के.जी. | १६० | ७२००० |
| ३. | दाल | मासको | १०० | के.जी. | १९२ | १९२०० |
| ४. | नुन | | २०० | के.जी. | २७ | ५४०० |
| ५. | ह. तरकारी | फरक फरक किसिमको हुनुपर्ने (काउली,बन्दा,भेन्टे खुर्सानी, बोडी, घिउसिमी, ब्रोकाउली, साग,फर्सी, भेन्टा,करेला,भेन्डी,लौका, टाटे सिमी, मुला,गाजर आदि) | ६५०० | के.जी. | ८० | ५२०००० |
| ६. | आलु | रातो | ६५०० | के.जी. | ५० | ३२५००० |
| ७. | प्याज | | १००० | के.जी. | ७० | ७०००० |
| ८. | कु. मासु | | ५०० | के.जी. | ४१० | २०५००० |
| ९. | अण्डा | | २००० | वटा | १८ | ३६००० |
| १०. | तेल (सूर्यमुखी) | | ८०० | लिटर. | २३३ | १८६४०० |
| ११. | चिनी | | ३०० | के.जी. | १०३ | ३०९०० |
| १२. | चियापति | | २० | के.जी. | ४९८ | ९९६० |
| १३. | विस्कुट १५ खाले | | २००० | वटा | १४ | २८००० |
| १४. | ग्याँस | | २४० | वटा | २०६० | ४९४४०० |
| १५. | चना | | ३०० | के.जी. | १६० | ४८००० |
| १६. | पाउरोटी १५ खाले | | १८००० | वटा | १४ | २५२००० |
| १७. | सोयबिन तरकारी | | २०० | के.जी. | २३० | ४६००० |
| १८. | गोलभेडा | | २८०० | के.जी. | ८६ | २४०८०० |
| १९. | केराउ | | ३०० | के.जी. | १६४ | ४९२०० |
| २०. | बोडी | | ३०० | के.जी. | १६४ | ४९२०० |
| २१. | मसला(जिरा, धनिया | | ६० | के.जी. | ३४७ | २०८२० |
| २२. | लसुन | | २०० | के.जी. | ३०० | ६०००० |
| २३. | चिउरा | | ६०० | के.जी. | ९५ | ५७००० |
| २४ | भुजा | | ६०० | के.जी. | १५० | ९०००० |
| २५ | सुजी | | ५०० | के.जी. | १४० | ७०००० |
| २६ | कागती | | २५ | के.जी. | २२० | ५५०० |
| २७ | दही | | ४०० | लिटर. | १४९ | ५९६०० |
| २८ | साबुन life boy | | १०० | के.जी. | ४५ | ४५०० |
| २९ | रिच साबुन २० खाले | | ३०० | वटा | १८ | ५४०० |
| ३० | पास्ता | | ४०० | के.जी. | १३५ | ५४००० |
| ३१ | लुगा धुने साबुन ५० खाले | | २०० | वटा | ४० | ८००० |
| ३२ | बेसार | | २० | के.जी. | ५२५ | १०५०० |
| | | | | | | ३८७९७८० |

नोटः माथि उल्लेखित मूल्य, भ्याट लाग्ने वस्तुको हकमा भ्याट सहितको मूल्य भएको जानकारी गराइन्छ ।

सम्पर्क नं.:९८४९१५६४९१, ९८४९२७१४८६


# कुशको शव बनाएर आर्यघाटमा सामूहिक अन्त्येष्टि

काठमाडौँ । यही भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा गएको विनाशकारी बाढीमा परी बेपत्ता भएका व्यक्ति जीवित भेटिने आशा टरेपछि उनीहरूका आफन्तहरुले कुशको शव बनाएर अन्तिम संस्कार गरेका छन् । बेपत्ता भएका व्यक्तिका परिवारजनले हिन्दू परम्पराअनुसार कुशको शवको प्रतीक बनाएर सामूहिक अन्त्येष्टि गरेका हुन् ।

बाढी गएको लामो समय बितिसक्दा पनि आफन्तको अवस्था पत्ता लाग्न नसकेपछि परिवारजनले अन्तिम संस्कारका लागि कुशबाट शवको प्रतीक बनाएका हुन् । बुधबार पशुपतिस्थित आर्यघाटमा दर्जनौँ कुशका शवको प्रतीक बनाएर सामूहिक अन्त्येष्टि गरिएको। आर्यघाटमा एकैपटक दर्जनौँ सङ्ख्यामा बेपत्ताका परिवारजन भेला भएपछि दिनभर जसो बाक्लो भीड लागेको थियो । बाढीमा आफन्त गुमाएका परिवारजनका लागि पछिल्ला दिनहरू पीडादायी भएका छन् । पशुपति स्थित शव दर्ता कार्यालय का कर्मचारी अनिश सङ्तका अनुसार बुधबारमात्रै आर्यघाटमा कम्तीमा एक सयभन्दा बढी कुशबाट बनाइएका शवका प्रतीक को सामूहिक अन्त्येष्टि गरिएको छ । "कुशका शवको हामीले छुट्टै रेकर्ड राख्ने गरेका छैनौँ, तर बुधबार कम्तीमा पनि एक सयभन्दा बढी प्रतीकको शव जलाइएको थियो", उहाँले भन्नुभयो। बाढीमा परी आफन्त बेपत्ता भएको लामो समय बितिसक्दा पनि खोजीका क्रममा कुनै जानकारी प्राप्त नभएपछि परिवारजनले अन्तिम संस्कार गर्न बाध्य भएको बताएका छन् । आफन्त फर्केर आउने आशामा दिनरात पर्खिरहेका परिवारले अन्ततः धार्मिक संस्कार पूरा गरेर मनलाई केही शान्त पार्ने प्रयास गरेका हुन् ।

नुवाकोटका स्थानीय बबिन रिजालका अनुसार बुधबार सम्म भोटेकोशी बाढीमा उहाँका आमा र बुवा नाथ रिजाल र विनिता रिजाल बेपत्ता छन् । बाढीमा बगेको लामो समय बितिसक्दा पनि बुवा, आमाको अवस्था पत्ता लाग्न नसकेपछि बुधबार पशुपति आर्यघाटमा कुशबाट शवको प्रतीक बनाएर अन्त्येष्टि गरिएको उहाँले बताउनुभयो ।

"बाढीमा परी मेरा आमा र बुवा बेपत्ता हुनुभएको छ । अब जीवितै भेटिने आशा मरिसकेकाले बुधबार कुशका शव बनाएर पशुपतिमा अन्त्येष्टि गरेका छौँ", उहाँले भन्नुभयो । बेपत्ताको शव फेला नपरेपछि परिवारजनले धार्मिक संस्कारअनुसार अन्तिम कर्म गर्नुलाई पीडाका बीचमा आफन्तप्रतिको अन्तिम श्रद्धाञ्जली का रूपमा लिएका छन् । आर्यघाटमा कुशबाट तयार पारिएका प्रतीकात्मक शव जलाउँदा आफन्तजन भावविह्वल बनेका थिए ।

भोटेकोशी नदीमा यही भदौ १० गते गएको अचानकको ठूलो बाढीका कारण रसुवा, नुवाकोटलगायत आसपासका क्षेत्रमा ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो ।

# उद्धार टोलीले लाङटाङ र चिलिमेमा काम गरिरहेको छ

काठमाडौँ। भोटेकोशी नदीमा गएको बाढीपछि नदीको बहाव क्षेत्रसँगै रहेका सुरुङमा फसेका मानिसको खोज तथा उद्धार प्रयास जारी छ।

भारतीय सुरुङ उद्धार टोलीले नेपाली उद्धार टोलीसँग समन्वय गरी हाल लाङटाङ र चिलिमेमा काम गरिरहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । सुरुङ खोल्ने दिशामा केही काम भएको तर सुरुङको भित्री भाग हिलो र ठूला ढुङ्गाले भरिएकाले अझै थप काम गर्नुपर्ने अवस्था रहेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो।

"चिनियाँ सुरुङ उद्धार टोलीलाई अपर त्रिशूली ३ 'ए' मा परिचालन गरिएको छ र उहाँहरूले नेपाली उद्धार टोलीसँग मिलेर काम गरिरहनुभएको छ । उहाँहरूले सुरुङको केही भाग खोलिसक्नुभएको छ", भोटेकोशी बाढीसम्बन्धी बुधबार मन्त्रालयमा आयोजित प्रेस ब्रिफिङमा उहाँले भन्नुभयो।

कोरियाली सुरुङ उद्धार टोलीले पनि नेपाली टोलीसँग मिलेर अपर त्रिशूली १ को सुरुङ खोल्ने कार्य गरिरहेको उहाँले जानकारी दिनुभयो । खोज तथा उद्धार कार्यलाई तीव्र बनाउन गणतन्त्र कोरियाबाट थप सहयोग तथा 'लजिस्टिक्स' आउने अपेक्षा गरिएको मन्त्रालयको भनाइ छ।

यसैगरी, सरकारले १९ सदस्यीय भारतीय फरेन्सिक टोलीले नेपाल प्रहरीसँगको सहकार्यमा डिएनए नमुना विश्लेषणको कार्य जारी राखेको छ । प्रवक्ता क्षेत्रीले भन्नुभयो, "चीनको पाँच सदस्यीय विशेष फरेन्सिक टोली मंगलबार आइपुगेको छ । त्यसयता नेपाल प्रहरीले गरिरहेको कार्यमा सहभागी भई डिएनए नमुनाको प्रशोधन तथा विश्लेषणलाई तीव्र बनाउन काम गरिरहेको छ ।" यस प्रक्रियालाई तीव्र बनाउन सिङ्गापुरबाट छ सदस्यीय 'डिजाष्टर भिक्टिम आइडेन्टिफिकेसन टिम' पनि आइपुगेको भने थप १३ सदस्य डिएनए परीक्षण उपकरणसहित बुधबार आइरहेको मन्त्रालयले जनाएको छ। उच्च क्षमताका ड्रोन तथा अन्य लजिस्टिक्ससहित थप सदस्यहरू भोलि त्यस टोलीमा सहभागी हुनेछन् ।

आवश्यक उपकरण तथा साधनसहितको थप कोरियाली फरेन्सिक टोली पनि हालै यस कार्यमा सहभागी भएको छ । त्यस्तै, सुरक्षा निकाय, सरकारी निकाय, चिकित्सा तथा आपतकालीन प्रतिक्रिया टोली र अन्य सम्बन्धित निकाय प्रभावित क्षेत्रमा एकसाथ काम गरिरहेका छन्। नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको एकीकृत टोलीले प्रभावित क्षेत्र तथा आसपासमा खोज, उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण तथा राहत कार्यलाई निरन्तरता दिइरहेको छ।

पछिल्लो जानकारीअनुसार एक हजार ११४ वटा शव फेला पारिएको छ, करिब तीन हजार ९०० जना अझै बेपत्ता छन् । हालसम्म ११ हजार ९९३ जनाको उद्धार गरिएको छ। जसमा ३०० भन्दाबढी विदेशी नागरिक रहेका र तीमध्ये पाँच जना सम्पर्कमा रहेका तथा सुरक्षित अवस्थामा रहेका प्रवक्ता क्षेत्रीले जानकारी दिनुभयो। यसैगरी ३४ देशका करिब ५९० जना विदेशी नागरिक अझै बेपत्ता छन् ।

दुई हजार ५०० जना तीर्थयात्री फर्किए

"विपद्को समयमा कैलाश पर्वततर्फ जाने तथा त्यहाँबाट फर्कने



क्रममा रहेका अनुमानित तीन हजार जनामध्ये करिब दुई हजार ५०० जना अधिकांश तीर्थयात्री हिल्सा र तातोपानी हुँदै फर्किएका छन्। बाँकी मानिसलाई पनि फर्कन सहजीकरण गरिएको छ र केही जना ल्हासाबाट हवाईमार्ग हुँदै फर्किरहेका छन्", उहाँले भन्नुभयो। मन्त्रालयले करिब एक हजार ५०० नेपाली नागरिक हाल केरुङमा रहेका जनाउँदै चाँडै फर्कन चाहनेका लागि चिनियाँ पक्षसँग समन्वय गरिरहेको उल्लेख गरेको छ।

# नेपाल वनस्पति घ्यू तेल उत्पादक संघद्धारा एक करोड एक लाख सहयोग

काठमाडौँ । नेपाल वनस्पति घ्यू तेल उत्पादक सङ्घले रसुवाको भोटेकोशी बाढीबाट प्रभावितका लागि राहत, उद्धार र पुनर्निर्माण कार्य गर्न रु एक करोड एक लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेको छ।

सङ्घका पदाधिकारीहरुले बुधबार एक कार्यक्रमबीच अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई राहतवापतको सो रकमको चेक हस्तान्तरण गर्नुभएको हो ।

सङ्घले भोटेकोशी बाढीबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, तनहुँलगायतका प्रभावितलाई सहयोग गर्ने उद्देश्यले गरिएको जनाएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com